यो आकाशवाणी हो ।     13.06.2026

मुख्य समाचारहरूबाट..

1,प्रधानमन्त्री नरेन्द्र मोदी ६ दिने औपचारिक भ्रमणका लागि फ्रान्स र स्लोभाकिया प्रस्थान ।

2.गृहमन्त्री अमित शाहद्वारा जनसाङ्ख्यिकीय परिवर्तनबारे उच्च स्तरीय बैठकको अध्यक्षता: सीमावर्ती जिल्लाहरूको अध्ययन गर्न निर्देशन*

3.लामो दुरीका ब्यालिस्टिक मिसाइल ध्वस्त पार्ने प्रविधिको भारतद्वारा सफल परीक्षण; रक्षामन्त्रीद्वारा डिआरडिओका वैज्ञानिकहरूको प्रशंसा ।

4.भारत र जर्मनीबीचको विकास साझेदारीलाई बलियो बनाउन नयाँ दिल्लीमा नीति आयोग र जर्मन प्रतिनिधिमण्डलबीच उच्च स्तरीय बैठक सम्पन्न,,

अनि

5.केन्द्रीय सरकारको १२ वर्षे उपलब्धि सार्वजनिक; पूर्वाधार विकाससँगै रोजगारी सिर्जनामा जोड दिइएको केन्द्रीय मन्त्री नितिन गडकरीको भनाइ ।

------------

1.प्रधानमन्त्री नरेन्द्र मोदी फ्रान्स र स्लोभाकिया

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी फ्रान्स र स्लोभाकियाको ६ दिने महत्त्वपूर्ण भ्रमणका लागि प्रस्थान गर्नुभएको छ । आफ्नो प्रस्थान वक्तव्यमा प्रधानमन्त्री मोदीले भारतको रणनीतिक दृष्टिकोणमा फ्रान्सको विशेष स्थान रहेको र यस भ्रमणले आर्थिक तथा सांस्कृतिक सम्बन्धलाई थप बलियो बनाउने बताउनुभयो ।

भ्रमणका क्रममा प्रधानमन्त्री मोदीले फ्रान्सेली राष्ट्रपति **इमानुएल म्याक्रोनसँग मिलेर 'भारत इनोभेट्स'** र **'विभाटेक २०२६'** जस्ता ठूला प्रविधि कार्यक्रमहरूको उद्घाटन गर्नुहुनेछ । यसले भारतका नयाँ स्टार्टअपहरूलाई विश्वव्यापी लगानीसँग जोड्न मद्दत गर्नेछ ।

फ्रान्सपछि प्रधानमन्त्री मोदी आफ्नो पहिलो ऐतिहासिक भ्रमणका लागि स्लोभाकिया प्रस्थान गर्नुहुनेछ । त्यहाँ उहाँले स्लोभाकियाका राष्ट्रपति **पिटर पेलेग्रिनी र प्रधानमन्त्री रोबर्ट फिकोसँग** उच्च स्तरीय भेटवार्ता गर्नुहुनेछ । स्लोभाकियाका लागि भारतीय राजदूत अपूर्वा श्रीवास्तवका अनुसार दुई देशबीच रक्षा क्षेत्रमा संयुक्त उत्पादन र व्यापार बढाउने विषयमा महत्त्वपूर्ण छलफल हुनेछ ।

भ्रमणको अन्तिम चरणमा प्रधानमन्त्री मोदीले फ्रान्सको एभियानमा आयोजना हुने G7 शिखर सम्मेलनमा भाग लिनुहुनेछ ।

## 2.गृहमन्त्री अमित शाह

केन्द्रीय गृहमन्त्री अमित शाहले आज जनसाङ्ख्यिकीय परिवर्तन (Demographic Change) सम्बन्धी एक महत्त्वपूर्ण बैठकको अध्यक्षता गर्नुभएको छ । बैठकका क्रममा गृहमन्त्री शाहले उच्च स्तरीय आयोगलाई सीमावर्ती जिल्लाहरूमा भइरहेको जनसाङ्ख्यिकीय परिवर्तनबारे विस्तृत अध्ययन गर्न निर्देशन दिनुभयो ।

गृहमन्त्री शाहले वास्तविक अवस्थाको मूल्याङ्कनका लागि आयोगका सदस्यहरूलाई सीमा क्षेत्र, मेट्रो सहर (महानगरहरू) र औद्योगिक नगरहरूको स्थलगत भ्रमण गर्न समेत निर्देशन दिनुभएको छ ।

यसअघि गत महिना, केन्द्र सरकारले अवैध आप्रवासन र अन्य असामान्य कारणहरूले गर्दा भइरहेको जनसाङ्ख्यिकीय परिवर्तनको अध्ययन गर्न एउटा उच्च स्तरीय समिति गठन गरेको थियो । उक्त समितिलाई यस्ता जनसाङ्ख्यिकीय परिवर्तनहरूबाट उत्पन्न हुने चुनौतीहरूसँग जुध्न आवश्यक उपायहरू सिफारिस गर्ने जिम्मेवारी समेत दिइएको छ ।

## 3.इन्डियन मिलिट्री एकेडेमी (IMA)

उत्तराखण्डको देहरादुनस्थित इन्डियन मिलिट्री एकेडेमी (IMA) मा १५८ औँ दीक्षान्त समारोह (Passing Out Parade) भव्य रूपमा सम्पन्न भएको छ। यस ऐतिहासिक समारोहसँगै ४ सय ८१ जना नयाँ युवा अधिकारीहरू भारतीय सेनामा सामेल भएका छन्।

एकेडेमीको इतिहासमै पहिलो पटक ९ जना महिला क्याडेटहरू पुरुष क्याडेटहरूसँगै सफलतापूर्वक तालिम पूरा गरी दीक्षित हुनुले यस वर्षको दीक्षान्त समारोह सैन्य इतिहासमा विशेष रह्यो । प्रमुख अतिथिको रूपमा परेडको निरीक्षण गर्दै राष्ट्रपति द्रौपदी मुर्मुले यस उपलब्धिलाई देशमा 'महिला नेतृत्वको विकास' को लागि एउटा ठूलो कोसेढुङ्गा र प्रेरणादायी कदम भन्नुभएको छ ।

## 4.रक्षामन्त्री राजनाथ सिंह(DRDO)

रक्षामन्त्री राजनाथ सिंहले रक्षा अनुसन्धान र विकास सङ्गठन अर्थात् डिआरडिओ (DRDO) लाई लगातार तीनवटा सफल उडान परीक्षण गरेकामा बधाई दिनुभएको छ । यी परीक्षणहरू लामो दुरीका ब्यालिस्टिक मिसाइलहरू विरुद्ध बहु-स्तरिय रक्षा प्रणाली र मध्यम दुरीको एन्टि-सिप (जहाज विरोधी) क्षमता प्रदर्शन गर्नका लागि गरिएका थिए ।

सामाजिक सञ्जालमा एक पोस्ट साझा गर्दै रक्षामन्त्री सिंहले यस सफल परीक्षणसँगै भारत अन्तरमहादेशीय ब्यालिस्टिक मिसाइलहरूलाई समेत प्रहार गर्न सक्ने अत्याधुनिक **'ब्यालिस्टिक मिसाइल डिफेन्स'** क्षमता भएका विश्वका सीमित र उत्कृष्ट राष्ट्रहरूको समूहमा सामेल भएको बताउनुभयो । Byts..rajnath singh…

उहाँले डिआरडिओले विभिन्न प्रकारका शत्रुहरूको खतरा विरुद्ध देशको रक्षा क्षमतालाई बलियो बनाउने थुप्रै महत्त्वपूर्ण प्रविधिहरूको सफल प्रदर्शन गरेको उल्लेख गर्नुभयो। परीक्षणका क्रममा इन्टरसेप्टरहरूले आफ्ना तोकिएका लक्ष्यहरूलाई सफलतापूर्वक प्रहार गरेका थिए । यस सन्दर्भमा रक्षामन्त्रीले **'नेभल एन्टी-शिप मिसाइल-मीडियम रेन्ज'** को पहिलो उडान परीक्षणका

क्रममा मध्यम दुरीको जहाज विरोधी रक्षा क्षमताको समेत सफल प्रदर्शन गरिएको जानकारी दिनुभयो।

## 5.नीति आयोग

नयाँ दिल्लीमा नीति आयोग र जर्मनीको प्रतिनिधिमण्डलबीच एक महत्त्वपूर्ण बैठक सम्पन्न भएको छ। यस बैठकको मुख्य उद्देश्य भारत-जर्मनी विकास साझेदारीलाई अझ अगाडि बढाउनु रहेको थियो।

बैठकमा जर्मनीको प्राविधिक विशेषज्ञता र आर्थिक क्षमता तथा भारतको नीतिगत लक्ष्य र संस्थागत संरचनाबीचको आपसी सहकार्यमा जोड दिइयो।

नीति आयोगका अनुसार बैठकमा दुई देशबीच सहयोगका विभिन्न महत्त्वपूर्ण क्षेत्रहरूमा छलफल भएको थियो। जसमा भारतको 'नेट जिरो' (Net Zero) कार्बन उत्सर्जन लक्ष्य, नवीकरणीय ऊर्जा, र चक्रिय अर्थतन्त्र (Circular Economy) रहेका छन्।

यसका साथै, सार्वजनिक-निजी साझेदारी (PPP) मार्फत दिगो पूर्वाधार विकास, कृषि क्षेत्रको रूपान्तरण, जलश्रोत व्यवस्थापन, र हरित अर्थतन्त्रमा साना तथा मजौला उद्योगहरूको सहभागिता बढाउने विषयमा पनि विस्तृत छलफल भएको बताइएको छ।

## 6.भारतीय वायुसेनाको एउटा एएन-३२

भारतीय वायुसेनाको एउटा एएन-३२ (AN-32) यातायात विमान आज बिहान असमको जोरहाट वायुसेना स्टेशनमा नियमित उडानका क्रममा दुर्घटनाग्रस्त भएको छ।

भारतीय वायुसेनाले सामाजिक सञ्जालमार्फत दिएको जानकारी अनुसार यस दुःखद दुर्घटनामा वायुसेनाका ५ जना सैनिकको मृत्यु भएको छ। मृत्यु हुनेहरूमा स्क्वाड्रन लिडर प्रशान्त सिंह फ्लाइट लेफ्टिनेन्ट शुभम कुमार, सार्जेन्ट जितेन्द्र शर्मा, अग्निवीर वायु खेमाराम कुमावत र

अग्निवीरवायु दानिस आलम रहेका छन् । वायुसेनाले शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै दुःखको यस घडीमा आफूहरू परिवारको साथमा दृढतापूर्वक उभिएको बताएको छ ।

यसैबीच भारतीय रक्षामन्त्री राजनाथ सिंहले दुर्घटनाग्रस्त विमानमा सवार पाँच जना बहादुर सैनिकहरूको मृत्यु भएकोमा गहिरो शोक व्यक्त गर्दै उहाँले पाँचै जना सैनिकहरूले आफ्नो कर्तव्य पालना गर्ने क्रममा बलिदान दिएको उल्लेख गर्नुभएको छ ।

## 7.लेफ्टिनेन्ट जनरल धिरज सेठ

भारत सरकारले लेफ्टिनेन्ट जनरल धिरज सेठलाई नयाँ प्रधानसेनापति (Chief of the Army Staff) मा नियुक्त गरेको छ । उहाँले आगामी जुन ३० तारिखको अपराह्नदेखि आफ्नो कार्यभार सम्हाल्नुहुनेछ । वर्तमान प्रधानसेनापति जनरल उपेन्द्र द्विवेदी सोही दिन सेवाबाट निवृत्त हुन लाग्नुभएको हुनाले श्री सेठलाई नियुक्त गरिएको हो ।

रक्षा मन्त्रालयका अनुसार वर्तमान उप-प्रधानसेनापति रहनुभएका लेफ्टिनेन्ट जनरल सेठ सन् १९८६ डिसेम्बरमा सेनाको आर्मर्ड कर्प्समा भर्ना हुनुभएको थियो । झण्डै चार दशक लामो सैनिक जीवनमा उहाँसँग मरुभूमि क्षेत्र, पश्चिमी थिएटर र जम्मू-काश्मीरमा आतंकवाद विरोधी बलको कमाण्ड सम्हालेको व्यापक अनुभव छ ।

## 8.केन्द्रीय यातायात मन्त्री नितिन गडकरी

केन्द्रीय यातायात मन्त्री नितिन गडकरीले यातायात मन्त्रालयले पूर्वाधार विकासका साथै रोजगारी सिर्जनालाई पनि विशेष प्राथमिकता दिएको बताउनुभएको छ । केन्द्र सरकारको १२ वर्षका उपलब्धि र विकास कार्यहरूलाई उजागर गर्न नागपुरमा आयोजित पत्रकार सम्मेलनमा उहाँले यस्तो बताउनुभएको हो ।

सरकारका विभिन्न कल्याणकारी योजनाहरूको समीक्षा गर्दै उहाँले पछिल्लो १२ वर्षमा 'जनधन योजना' अन्तर्गत ५८ करोडभन्दा बढी बैंक खाता खोलिएको, 'आयुष्मान भारत' बाट ६० करोड नागरिक लाभान्वित भएको र ११ करोड किसानले आर्थिक सहायता पाइरहेको बताउनुभयो । यस्तै, 'मुद्रा योजना' अन्तर्गत साना उद्यमीहरूलाई ३५ लाख करोड रुपैयाँ ऋण प्रवाह गरिएको र **'स्किल इन्डिया' मार्फत** ५ करोड युवाले सीपमूलक तालिम पाएको उहाँले उल्लेख गर्नुभयो ।

**9.केन्द्रीय गृहमन्त्री** अमित शाहले प्रधानमन्त्री नरेन्द्र मोदीले विगत १२ वर्षमा देशैभरि शिक्षा, सीप, नवप्रवर्तन (इनोभेसन) र स्टार्टअपको एउटा नयाँ संस्कृतिलाई अगाडि बढाउनुभएको बताउनुभएको छ ।

सामाजिक सञ्जालमा एक पोस्ट साझा गर्दै गृहमन्त्री शाहले प्रधानमन्त्री मोदीद्वारा चालिएका विभिन्न नीतिगत कदमहरूका कारण भारत आज विश्वकै दोस्रो ठूलो उच्च शिक्षा नेटवर्क बन्न सफल भएको उल्लेख गर्नुभयो ।

उहाँले थप भन्नुभयो— "आज भारत आर्टिफिसियल इन्टेलिजेन्स अर्थात् एआई (AI) को क्षेत्रमा विश्वकै दोस्रो ठूलो दक्ष जनशक्ति भएको देश बनेको छ । यसका साथै, २ लाखभन्दा बढी स्टार्टअपहरूका साथ भारत विश्वको तेस्रो ठूलो स्टार्टअप इकोसिस्टमको रूपमा उदय भएको छ ।

**10.केन्द्रीय राज्यमन्त्री** डा. एल. मुरुगनले देशमा 'एक देश, एक निर्वाचन' प्रणाली लागू गर्ने प्रयास भइरहेको बताउनुभएको छ । पुडुचेरीमा पत्रकारहरूसँग कुरा गर्दै उहाँले एकैपटक चुनाव गराउँदा देशको खर्च घट्ने र स्रोतसाधनको सही उपयोग हुने उल्लेख गर्नुभयो ।

मोदी सरकारको १२ वर्षको उपलब्धिबारे बोल्दै मन्त्री मुरुगनले यस अवधिमा २५ करोड जनता गरिबीबाट मुक्त भएको, १२ करोडभन्दा बढी शौचालय बनेको र ५ लाख गाउँ खुल्ला दिसामुक्त भएको जानकारी दिनुभयो । साथै, पूर्वाधार विकासको बजेट २ लाख करोडबाट बढेर १२.२ लाख करोड रुपैयाँ पुगेको उहाँले बताउनुभयो ।

=========